# पोखरा विश्वविद्यालय सेवा आयोगको सूचना
## विज्ञापन नं. १/२०६९/०७० खुल्ला

पोखरा विश्वविद्यालयमा रिक्त रहेको निम्नलिखित प्रशासनिक पदहरुमा खुल्ला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नको निमित्त योग्य नेपाली नागरिकहरुबाट मिति २०७० जेष्ठ २ गते दिनको ३.०० बजे भित्र पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल, सिफल काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका- १२, ढुङ्गेपाटन, कास्की, पोखरा आईपुग्ने गरि दरखास्त आव्हान गरिन्छ। दरखास्त फाराम पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय रातोपुल, सिफल काठमाण्डौ र पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका ढुङ्गेपाटन, कास्की, पोखराबाट रु २००/- तिरी प्राप्त गर्न सकिनेछ। म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका फाराम उपर कुनै कारवाही हुने छैन। आवेदन फारामका साथ लिखित **परीक्षा दस्तुर नविल बैक पोखराको चल्ती खाता नं. १२०१०१७५००८७० वा कामना विकास बैंक, लेखनाथ न.पा. मा रहेको चल्ती खाता नम्बर ००१००००१५६०A मा** रकम जम्मा गरेको सक्कल बैक भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु पेश गर्नु पर्नेछ।

१. शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्कपत्रहरु ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
४. अनुभव र तालिमको प्रमाणपत्र।
५. पोखरा विश्वविद्यालय वा अन्य निकायहरुमा काम गरिरहेको भए विभागिय स्वीकृति-पत्र।
६. स्थायी वेतनक्रम पोखरा विश्वविद्यालयको प्रचलित स्केल बमोजिम हुनेछ।

सम्पर्क स्थान र मितिः- पोखरा विश्वविद्यालय सेवा आयागको कार्यालय रातोपुल, सिफल काठमाण्डौ, पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालय लेखनाथ नगरपालिका ढुङ्गेपाटन, कास्की, पोखरामा मिति २०७० जेष्ठ ९ गते

| क्र.स | पद | समुह | रिक्त संख्या | खुल्ला | महिला | आदिवासी | मधेशी | दलित | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक प्रशासक | प्रशासन | ३ (तीन) | २ (दुई) | १(एक) | | | | १४००/- |
| २ | सहायक प्रशासक | लेखा | १(एक) | १(एक) | | | | | १४००/- |
| ३ | मुख्य सहायक | प्रशासन | ११ (एघार) | ६ (छ) | २ (दुई) | १ (एक) | १ (एक) | १ (एक) | १०००/- |
| ४. | मुख्य सहायक | ल्याव | २(दुई) | १ (एक) | १ (एक) | | | | १०००/- |
| ५. | मुख्य सहायक | लेखा | १ (एक) | १ (एक) | | | | | १०००/- |
| ६. | सहायक | प्रशासन/लेखा /रिसेप्सन | १० (दश) | ५ (पाँच) | २(दुई) | १ (एक) | १ (एक) | १ (एक | १०००/- |
| ७. | सहायक | कम्प्युटर | २ (दुई) | १ (एक) | १ (एक) | | | | १०००/- |
| ८. | ड्राइभर | प्रशासन | १ (एक) | १ (एक) | | | | | ८००/- |
| ९. | पियन | प्रशासन | ६ (छ) | ३ (तीन) | १ (एक) | १ (एक) | १ (एक) | | ८००/- |
| १० | हेल्पर | प्रशासन | ३ (तीन) | २ (दुई) | १(एक) | | | | ८००/- |
| ११ | माली | प्रशासन | २ (दुई) | १ (एक) | १ (एक) | | | | ८००/- |
| १२ | कुचिकार | प्रशासन | ५(पाँच) | ३ (तीन) | १ (एक) | १ (एक) | | | ८००/- |

## न्यूनतम योग्यता

**सहायक प्रशासक (प्रशासन)** : मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उत्तीर्ण २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**सहायक प्रशासक (लेखा) :** मान्यता प्राप्त वोर्ड वा विश्वविद्यालयबाट वाणिज्यशास्त्र (व्यवस्थापन) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**मुख्य सहायक (प्रशासन)** : मान्यता प्राप्त वोर्ड वा विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**मुख्य सहायक (लेखा) :** मान्यता प्राप्त वोर्ड वा विश्वविद्यालयबाट वाणिज्यशास्त्र (व्यवस्थापन) विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**मुख्य सहायक (ल्याव)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी ल्याव सम्वन्धी काममा १ बर्षको अनुभव वा सम्वन्धित विषयमा ३ वर्षे डिप्लोमा वा सो सरह उत्तीर्ण गरी ल्याव सम्वन्धी काममा १ बर्षको अनुभव भएको, १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**सहायक (प्रशासन/लेखा/रिसेप्सन)** : मान्यता प्राप्त वोर्डबाट एस.एल.सी. परीक्षा वा सो सरह उत्तीर्ण १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) कम्प्युटर तालिम लिएकालाई विशेष ग्राह्यता दिइनेछ ।

**सहायक (कम्प्युटर)** : मान्यता प्राप्त वोर्डबाट एस.एल.सी. परीक्षा वा सो उत्तीर्ण सरह, १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको) मान्यता प्राप्त कम्प्युटर इन्स्टिच्यूटबाट ३ महिने डिप्लोमा कोर्ष पूरा गरेको ।

**ड्राइभर** :साधारण लेखपढ गर्न जान्ने,चालक प्रमाण-पत्र (ड्राईभिङ्ग लाईसेन्स) भएको १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**पियन/कुचिकार/माली/हेल्पर** : साधारण लेखपढ गर्न जान्ने १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननकोघेको)

**द्रटव्य:**

१. आरक्षित समूहको उम्मेदवार भएमा सम्वन्धित पदका लागि तोकिएको आवेदन दस्तुरका अतिरिक्त प्रति थप समूहका लागि **सहायक प्रशासक वा सो सरह ३००/-(तीन सय), मुख्य सहायक, सहायक वा सो सरह २००/-(दुई सय) श्रेणी विहिन वा सो सरह १००/-(एक सय)** लाग्ने छ ।

**२.अस्थायी र करारको रुपमा पोखरा विश्वविद्यालय सेवामा कार्यरत कर्मचारीहरुलाई आवेदन दिनको लागि उमेरको हद लाग्ने छैन् ।**

३. पोखरा विश्वविद्यालय सेवा आयोगको प्रयोजनको लागि **महिला, आदिवासी/जनजाति, मधेशी र दलित भनि आरक्षण गरिएको कोटाका** लागि उम्मेदवारले आर्थिक र सामाजिक रुपमा पछाडि परेको भन्ने प्रमाणको प्रतिलिपि नेपाल सरकारको कानून वमोजिम गठन भएको **प्रतिष्ठानवाट वा आफ्नो नागरिकतामा** उल्लेख भएको ठेगाना अनुसारको गा.वि.स को सिफारिशमा सम्वन्धित **जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिश** सहितको प्रमाणको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।